# अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग (२) सँग सम्बन्धित)

**हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७८/१०/१७ मा पारित**


हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ०९ मितिः २०७८/१०/१८

**भाग-४**

**हेलम्बु गाउँपालिका**


## छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना**

हेलम्बु गाउँसभाबाट विभिन्न आर्थिक बर्षहरुमा स्वीकृत भै आउने छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी छात्रवृत्ति कार्यक्रम अन्तरगत समावेश हुने गरीब, विपन्न, सिमान्तकृत, दालित, पिछडिएका, जनजाति, जेहेन्दार, ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्तति लगायतका योग्य विद्यार्थीलाई आवश्यकता अनुसार छात्रवृत्ति प्रदान गरी छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले सञ्चालन तथा व्यवस्थापन गर्न हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ख. "कार्यक्रम" भन्नाले हेलम्बु गाउँपालिकाको गाँउ सभाबाट विभिन्न आर्थिक वर्षमा स्वीकृत भएर आउने सम्पूर्ण छात्रवृत्ति कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

ग. "विद्यार्थी" भन्नाले नेपाल सरकारबाट मान्यात प्राप्त शैक्षिक संस्थामा अध्यनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

घ. "छात्रवृत्ति" भन्नाले यस कार्यविधिले तोकेको आधारमा छनौट भएका विद्यार्थीले गाउँपालिकाबाट अध्ययन गर्नको लागि प्रदान गरेको रकम तथा सुविधालाई सम्झनु पर्दछ ।

ङ. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्नेछ ।

च. "सभा" भन्नाले हेलम्बु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्नेछ ।

छ. "कार्यपालिका" भन्नाले हेलम्बु गाउँपालिकाको कार्यपालिका सम्झनु पर्नेछ ।

ज. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

झ. "वडा" भन्नाले गाउँपालिका अन्तर्गतका वडा सम्झनु पर्नेछ ।

ञ. "अध्यक्ष" भन्नाले हेलम्बु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

ट. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

## परिच्छेद २

## लक्ष्य र उद्देश्य

३. **लक्ष्यः** हेलम्बु गाउँसभाबाट स्वीकृत भएका विभिन्न छात्रवृत्ति कार्यक्रमहरु पारदर्शी र व्यवस्थित गरी लक्षित विद्यार्थी वर्गमा छात्रवृत्ति वितरण गरी उच्च शिक्षा समेत हासिल गर्न सहयोग पुऱ्याउने यस कार्यविधिको लक्ष्य रहेको छ ।

४. **उद्देश्यः** यस कार्यविधिको देहाय बमोजिमको उद्देश्य हुनेछन् ।

क. छात्रवृत्ति कार्यक्रमलाई पारदर्शी र व्यवस्थित बनाउनु,

ख. छात्रवृत्ति कार्यक्रम अनुरुप लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु।

## परिच्छेद ३

## छात्रवृत्ति सम्बन्धि व्यवस्था

**५. छात्रवृत्ति कार्यक्रममा समावेश हुन पाउनेः** हेलम्बु गाउँपालिका स्थायी ठेगाना भएका सम्पूर्ण विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रममा समावेश हुन पाउने अधिकार हुनेछ ।

**६. सूचना प्रकाशन गर्नु पर्नेः** कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले स्वीकृत छात्रवृत्ति कार्यक्रम अन्तर्गत सहभागी हुन सूचना प्रकाशित गर्नु पर्नेछ ।

**७. निवेदन दिनु पर्नेः** छात्रवृत्तिको लागि विद्यार्थीले कार्यालय समक्ष अनुसूची-१ बमोजिमको निवेदन दिनु पर्नछ ।

(२) यस कार्यविधि बमोजिम संकलन गरिने निवेदन, सम्झौता तथा अभिलेखिकरण शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

**८. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातः** दफा ७ बमोजिमको निवेदन साथ छात्रवृत्ति कार्यक्रम अनुसार देहाय बमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

क. नागरीकता प्रमाणपत्रको प्रतिलिपि,

तर, नागरीकता नबनाएको विद्यार्थीको हाकमा जन्म दर्ता र आमा वा बाबु वा दुबैको नागरीकता प्रमाणपत्रको प्रतिलिपि,

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस,

ग. सम्बन्धित शिक्षण संस्थाबाट विद्यार्थी भएको सिफारिस पत्र र विद्यार्थी परिचय पत्र,

घ. शिक्षा शुल्क खुल्ने बिल भरपाई, पत्र वा निस्सा,

ङ. आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति हकमा सोहि सूचीको आधारमा तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढि थरहरु भएमा सम्बन्धित स्थानीय तह निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात,

च. दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति हकमा सोहि सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढि

थरहरु भएमा सम्बन्धित स्थानीय तह निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात,

छ. ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिको हाकमा सम्बन्धित निकायबाट जारी गरीएको प्रमाणपत्र वा निस्सा,

ज. विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र,

झ. आवश्यकता अनुसार नाता प्रमाण पत्र ।

(२) कार्यालयले छात्रवृत्ति कार्यक्रम अनुसार उपदफा (१) मा लेखिएको बहेक अन्य थप कागजात माग गर्न सक्नेछ ।

९. **प्राथमिकता दिईनेः** छात्रवृत्ति कार्यक्रम अन्तर्गत देहाय बमोजिमको आधारमा विद्यार्थीलाई प्राथमिकता दिईनेछ ।

क. लिङ्ग

१. तेस्रो लिङ्ग

२. महिला लिङ्ग

३. पुरुष लिङ्ग

ख. जनजाति

१. लोपोन्मुख समूहः

कुसुण्डा, वनकरिया, राउटे, सुरेल हायू, राजी, किसान, लाप्चे, मेचे, कुशवाडीया

२. अति सिमान्तकृत समूहः

माझी, सियार, ल्होमी(सिङ्सावा), थुदाम, धानुक, चेपाङ, सतार(सन्थाल), झागड, थामी, बोटे, दनुवार, बरामू

३. सिमान्तकृत समूहः

सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गनगाई, धिमाल, भोटे, दराई, पहरी, ताप्केगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ, ताजपुरीया, फ्री

४. सुविधाविहिन समूहः

थाङ्वे, तीनगाउँले थकाली, बाह्रगाउँले थकाली, गुरुङ, मगर, राई, लिम्बु, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, ह्योल्मो, मार्फाली थकाली, छैरोतन

५. उन्नत समूहः

नेवार, थकाली

ग. दलित

१. पहाडी मूल

- गन्धर्व(गाइने)
- परियार (दमाई, दर्जी, सूचीकार, नगर्ची, ढोली, हुड्के)
- बादी
- विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनारा, पार्की, टमाटा)
- सार्की (मिजार, चर्मकार, भूल)

२. मधेशी मूल

- कलर
- ककैहिया
- कोरी
- खटिक
- खत्वे (मण्डल, खङ्ग)
- चमार (राम, मोची, हरिजन, रविदास)
- चिडीमार
- डोम (मरिक)
- तत्मा (ताँती, दास)
- दुसाध (पासवान, हजारा)
- धोवी (रजक) हिन्दु

३. शिक्षण संस्था

१. सरकारी वा अंगिक

२. सामुदायिक

३. निजि

**१०. पेश गर्नु पर्नेः** दफा ७ बोमोजिम परेको निवेदनलाई प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ ।

**११. निर्णय गर्नु पर्नेः** (१) दफा १० बमोजिम पेश भएको निवेदन उपर कार्यपालिकाले छात्रवृत्ति दिने नदिने बारे निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय दिँदा अनूसूची-२ को आधारमा कुल अङ्क एकसयमा नबढ्ने गरी मूल्याङ्कन गरी निर्णय दिनु पर्नेछ ।

(३) छात्रवृत्ति दिने भएमा छात्रवृत्ति रकम समेत स्पष्ट खुलाउनु पर्नेछ ।

तर कुनै पनि विद्यार्थीलाई दुई लाख भन्दा बढिको छात्रवृत्ति रकम दिइने छैन ।

(४) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहमा प्रविधिक शिक्षा, सूचना प्रविधि शिक्षा, चिकित्सा शिक्षा, वन तथा वातावरण शिक्षा, कृषि तथा पशु शिक्षा, पर्यटन शिक्षा, कानून शिक्षा जस्ता विषय अध्ययन गर्न पूर्ण छात्रवृत्ति दिन सक्नेछ ।

(५) छात्रवृत्ति नपाउने निर्णय भएको विद्यार्थीको हकमा निजलाई निर्णय भएको १५ दिन भित्र कारण सहित सुचना दिनु पर्नेछ ।

**१२. दोहोरो छात्रवृत्ति लिन नहुनेः** (१) कुनै पनि विद्यार्थीले एक निकाय वा छात्रवृत्ति कार्यक्रम बाहेक छात्तवृत्ति लिन हुदैन ।

(२) उपदफा (१) बमोजिम कुनै विद्यार्थी एक निकाय वा छात्रवृत्ति कार्यक्रम बाहेक छात्रवृत्ति लिएको प्रमाणित भएमा कानून बमोजिमको सजाय हुनेछ ।

(३) कुनै पनि विद्यार्थीले आफुले पाएको छात्रवृत्ति भन्दा उच्च तहको शिक्षाको लागी पाएको वा पाउने छात्रवृत्तिलाई उपदफा (१) बमोजिमको दोहोरो छात्रवृत्ति लिएको मानिने छैन ।

## परिच्छेद ४

## विविध

**१३. विषेश व्यवस्थाः** यस कार्यविधिको दफा ६ बमोजिम सूचना प्रकाशन नभएको तर तत्काल छात्रवृत्ति दिनु पर्ने अवस्था रहेमा दफा ८ बमोजिमको कागजातहरुको आधारमा कार्यपालिकाले निर्णय गरि छात्रवृत्ति दिन सक्नेछ ।

**१४. अनिवार्य सेवा गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम छात्रवृति लिने विद्यार्थिहरुले आफ्नो अध्ययन समाप्त भए पश्चात पालिकाले तोकेको स्थान तथा कार्यालयमा कम्तिमा १ वर्ष सम्म आफ्नो दक्षता अनुसार अनिवार्य सेवा गर्ने प्रतिवद्धता सहित अनुसूची-३ बमोजिमको सम्झौत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौता नगर्ने विद्यार्थीलाई यस कार्यविधि बमोजिम छात्रवृति प्रदान गर्नु हुदैन ।

(३) विद्यार्थीले अनुसूची-२ सम्झौता पालना नगरेमा छात्रवृति वापतको रकम भुक्तानी लिएको मिति देखी प्रचालित कानून बमोजिमको व्याज समेत जोडी हुने कुल रकम असुल उपर गर्न सकिनेछ।

**१५. संशोधनः** आवश्यकता र औचित्यको आधारमा गाँउ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधिमा संशोधन गर्न सकिनेछ ।

**१६. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्यवन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१७. बचाउः** (१) यस भन्दा अगाडि गाउँपालिकाले वितरण गरेको छात्रवृत्तिहरु यसै कार्यविधि बमोजिम गरिएको मानिने छ ।

(२) विद्यालयले वितरण गर्ने छात्रवृत्तिको हकमा तोकिएको कानून बमोजिम हुनेछ ।

अनुसूची १

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

छात्रवृत्तिको पाउनको लागि निवेदनको ढाचाँ

मिति :..................

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**हेलम्बु गाँउपालिका**
**हेलम्बु, सिन्धुपाल्चोक ।**

विषयः छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

म निवेदक यस गाउँपालिकाको आ.व. .............. मा स्वीकृत ............................ छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ५ बमोजिम यस छात्रवृत्ति कार्यक्रममा समावेश हुनका लागि योग्य भएकोले छात्रवृत्ति उपलब्ध गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**विद्यार्थीको विवरण**

१. नाम, थर : ............................................................
२. बाबुको नाम र थर ....................................................
३. आमाको नाम र थर ...................................................
४. जन्म मिति (वि.स.) : ..................................................
५. स्थायी ठेगान : जिल्लाः **सिन्धुपल्चोक**, गाउँपालिकाः **हेलम्बु**
वडा नं. .................., टोल/गाउँ .............
६. ना.प्र.प. नं/जन्म दर्ता नं. ............ जारी मितिः ...................
जारी गर्ने निकायः ........................................
७. अध्यनरत विद्यालयको नामः ............................................
ठेगानः ............................................................
८. आवेदन दिन चाहेको तह/कक्षाः .....................................
९. अघिल्लो तह/कक्षाको उतिर्ण प्रतिशत वा GPA ..................

संलग्न कागजात :

१. निवेदकको नागरिकता वा जन्मदर्ताको प्रतिलिपि
२. अघिल्लो तह/कक्षाको Marks Sheet को प्रतिलिपि

३. गरीब, विपन्न, सिमान्तकृत, दालित, पिछडिएका, जनजाति, जेहेन्दार, ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिको प्रमाणपत्र

४. सम्बन्धित वडा कार्यालयको सिफारिस,

५. सम्बन्धित शिक्षण संस्थाबाट विद्यार्थी भएको सिफारिस पत्र र विद्यार्थी परिचय पत्र,

६. शिक्षा शुल्क खुल्ने बिल भरपाई, पत्र वा निस्सा,

७. अन्यः

(मैले अन्य निकाय वा छात्रवृत्ति कार्यक्रम अन्तर्गत आवेदन गरेको तह/कक्षाको लागि छात्रवृत्ति लिएको/पाएको छैन । उल्लिखित व्यहोरा ठिक, साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला।)

निवेदक

(हस्ताक्षर)

अनुसूची २
(दफा १० को उपदफा २ संग सम्बन्धित)
मूल्याङ्कनको आधार

**क. छात्रवृति माग गरेको भन्दा एक तह तल्लो शैक्षिक योग्यताको श्रेणी बापत (५० पचास अङ्क)**

| | |
|---|---|
| १. विशिष्ट सहित प्रथम श्रेणी | - ५० |
| २. प्रथम श्रेणी | - ४० |
| ३. द्वितिय श्रेणी | - ३५ |
| ४. तृतीय श्रेणी | - ३० |

**ख. विपन्न वर्ग बापत (२० बीस अंङ्क)**

| | |
|---|---|
| १. श्रेणी क (मासिक ८,०००।- सम्म आम्दानी भएको) | - २० |
| २. श्रेणी ख (मासिक १२,०००।- सम्म आम्दानी भएको) | - १५ |
| ३. श्रेणी ग (मासिक १५,०००।- सम्म आम्दानी भएको) | - १० |

**ग. छात्रवृति माग गरी अध्ययनरत रहेको शिक्षण संस्था बापत (२० बीस अंङ्क)**

| | |
|---|---|
| १. सरकारी वा अंगिक र सामुदायिक | - २० |
| २. निजि | - १० |

**घ. लिङ्ग बापत (५ पाँच अंङ्क)**

| | |
|---|---|
| १. तेस्रो लिङ्ग | - ५ |
| २. महिला लिङ्ग | - ३ |
| ३. पुरुष लिङ्ग | - २ |

**ङ. ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्तति, जानजाती वा दलित बापत (५ पाँच अंङ्क)**

| | |
|---|---|
| १. ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्तति | - ३ |
| २. जानजाती वा दलित | - २ |

## अनुसूची ३
(दफा १४ को उपदफा (१) संग सम्बन्धित)
## सम्झौताको ढाँचा

**हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने)** र ................ को नाती ...............को छोरा सिन्धुपाल्चोक जिल्ला सविक ........ गा.वि.स वडा नं..... हाल हेलम्बु गा.पा. वडा नं. .... बस्ने वर्ष ४३ को **.............** (ना.प्र.प.नं..............२०....।....।..., जि.प्र.का सिन्धुपाल्चोक) **(यस पछि दोस्रो पक्ष भनिने)** बीच छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १४ को प्रयोजनार्थ निम्म शर्तहरु पालना गर्ने गरी मुलुकी देवानी संहिता, २०७४ (करार तथा अन्य दायित्व सम्बन्धि व्यवस्था) अन्तर्गत हामी दुवै पक्ष मन्जुर भएकोले प्रस्तुत करारनामाको कागज लेखि लेखाई राजीखुशी साथ एक/एक प्रति बुझि लियौं दियौं ।

शर्तहरु

१. दोस्रो पक्षले छात्रवृत्ति कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १४ बमोजिम पालिकाले तोकेको स्थान तथा कार्यालयमा कम्तिमा १ वर्ष सम्म आफ्नो दक्षता अनुसार अनिवार्य सेवा गर्नु पर्नेछ ।
२. शर्त नं. १ बमोजिम सेवा दिए बापत प्रथम पक्षले कानून बमोजिमको पारिश्रमिक दोस्रो पक्षलाई उपलब्ध गर्नु पर्नेछ ।
३. शर्त नं. २ बमोजिमको रकममा नियमानुसारको कर तिर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।
४. दोस्रो पक्षले शर्त नं. १ बमोजिमको सेवा उपलब्ध नगरेमा छात्रवृति वपतको रकम भुक्तानी लिएको मिती देखी प्रचालित कानून बमोजिमको व्याज समेत जोडी हुने कुल रकम दोस्रो पक्षको घर घरानबाट प्रथम पक्षले असुल उपर गर्नेछ।
५. यस करार बमोजिम सेवा दिएकै आधारमा दोस्रो पक्षले कुनै पनि स्थायी, अस्थायी वा करार पदको दरबन्दीमा दावी गर्न पाउने छैन ।
६. *(आवश्यकता अनुसार थप गर्ने)* ।

साक्षी

क. हेलम्बु गा.पा. वडा नं. .... बस्ने वर्ष ...... को **..................................................** .......१
ख. हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, प्रशासकीय अधिकृत श्री................................ .......१

**प्रथम पक्षको तर्फबाट**
पुरा नामः
शिक्षा, युवा तथा खेलकुद शाखा,प्रमुख, हेलम्बु गाउँपालिका
दस्तखतः

**दोस्रो पक्षको तर्फबाट**
पुरा नामः
हे.गा.पा. वडा नं. .......
दस्तखतः

ईति सम्वत् .............. साल ........... महिना ......... गते रोज ........ शुभम् ।

आज्ञाले

विष्णुहरि तिमल्सेना

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. १०।- मात्र